# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खनदह अर्घाखाँची
## प्रदेश नं. ५ नेपाल

पत्र संख्या: प्रशासन ०७६।०७७
चलानी नं. १५८९

मिति : २०७७/०१/०८

श्री वडा कार्यालयहरु (सबै)
मालारानी गाउँपालिका, अर्घाखाँची

**विषय : स्वयम्सेवक परिचालन सम्बन्धमा ।**

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कोरोना महामारी (Covid-19) रोकथाम तथा नियन्त्रणका लागि समुदायमा स्वयम्सेवक परिचालन सम्बन्धी मार्गदर्शन-२०७६ मा भएका व्यवस्थाहरुमध्ये स्थानीय तहमा आवश्यक पर्ने मार्गदर्शनहरु निम्नानुसार रहेकोले आ-आफ्नो वडा र टोलहरुमा आवश्यकता अनुसार न्यूनतम संख्यामा स्वयम्सेवक परिचालन गर्न सकिने व्यवस्थाका लागि जानकारी गराइन्छ ।

***पुनश्च :*** यस अवधिमा खटिएका स्वयम्सेवकहरुलाई नेपाल सरकार, प्रदेश सरकार र यस गाउँपालिकाबाट हुने निर्णय अनुसारको प्रोत्साहन सुविधा प्रदान गरिनेछ ।

विष्णु घर्ती
प्रमुख प्रशासकीय अधिकृत

# कोरोना महामारी (Covid-19) रोकथाम तथा नियन्त्रणका लागि समुदायमा स्वंयसेवक परिचालन सम्बन्धि मार्गदर्शन -२०७६

## १.परिचय

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ११ क (ण) मा विपद जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने, गराउने र (ध) मा विपदको समयमा खोज उद्दार र राहत कार्यका लागि तत्काल परिचालन गर्न स्वयंसेवक ब्युरो गठन गर्ने भनी उल्लेख भएको छ । तसर्थ प्रहरी, स्थानीय स्वास्थ्यकर्मी, सामुदायिक स्वंयसेवकहरु र महिला स्वास्थ्य स्वंयसेविका, रेडक्रस र गैरसरकारी संस्थाहरुको सहभागितामा स्थानीय तहका हरेक वडाहरुमा फिल्ड/समुदायस्तरको कोरोना रोकथाम समुह (Covid-19 Prevention Group-CPG) गठन गरी परिचालन गर्नु आवश्यक छ । यसै सन्दर्भमा उच्चस्तरीय समितिको निर्णयानुसार स्थानीय तहमा वडास्तरबाट समुदायमा स्वंयसेवक परिचालन गर्न यो मार्गदर्शन जारी गरिएको छ । समुदाय परिचालनबाट महामारीलाई नियन्त्रण गरी व्यक्ति, समुदाय र राष्ट्रलाई बचाउन सकिन्छ । स्थानीय तह, स्वास्थ्यकर्मी, सुरक्षा निकाय , महिला स्वास्थ्य स्वंयसेविका, रेडक्रस गैरसरकारी संस्थाका प्रतिनिधि र सामुदायिक स्वंयसेवकहरुको सहभागितामा स्थानीय तहका हरेक वडाहरुमा फिल्ड समुदायस्तरको कोरोना रोकथाम समुह (Covid-19 Prevention Group- CPG) गठन गरि परिचालन गर्ने, ।

## २. कोरोना रोकथाम स्वंयसेवक समुह संरचना ।

| *वडा स्तरीय* | *स्वास्थ्यकर्मी* | *महिला स्वास्थ्य स्वंयसेविका* | *स्वयंसेवक/रेडक्रस/गैसस का प्रतिनिधि* | *प्रहरी* |
|---|---|---|---|---|
| वडाध्यक्ष | १ | १ | २-३ | १ |

यस्तो समुह आवश्यकवता अनुसार एउटै वडाभित्र टोल टोलमा समेत गठन हुनेछ ।

## ३. छनौटको मापदण्ड :

(क) सम्बन्धित वडा तहमा सरकारी स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरु मध्येबाट १ जना ।

(ख) वडा तहमा कार्यरत महिला स्वास्थ्य स्वयम्सेविकाहरु ।

(ग) सम्बन्धित क्षेत्र हेर्ने १ जना प्रहरी कर्मचारीलाई जिल्ला प्रहरी कार्यालयले जिम्मेवारी तोक्नेछ ।

(घ) स्वयम् सेवकहरुको छनौट देहाय बमोजिम गरिनेछ :

म्यादी प्रहरीको रुपमा काम गरेका वा पूर्व सुरक्षाकर्मीहरु, समुदाय प्रहरी-साझेदारी कार्यक्रका स्थानीय तह, वडा र टोल समितिमा क्रियाशील वा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत परिचालन भएका व्यक्तिहरु मध्येबाट उपलब्ध भए अनुसार रेडक्रस र स्थानीय गैससका प्रतिनिधिहरुबाट ।

बिष्णु घर्ती
प्रमुख प्रशासकीय अधिकृत

४. **कोरोना रोकथाम स्वंयसेवक संयोजक व्यवस्थापन :**

- समुहको सम्पूर्ण परिचालनको दायित्व वडाध्यक्षको हुनेछ ।
- समुहका सदस्यहरु यस कार्यका लागि समुदायमा परिचालित हुँदा आवश्यक मास्क र सेनिटाईजरको व्यवस्थापन सम्बन्धित स्थानीय तहबाट हुनेछ ।

५. **समुहका काम कर्तव्य र जिम्मेवारीहरु :**

- मन्त्रालय र गाउँपालिकाको नीति निर्देशन भित्र रही स्थानीय तह, वडा र टोलहरुमा कोरोना भाइरस (COVID-19) को लक्षण र यसबाट बच्ने उपाय, विदेशबाट समुदायमा आएका व्यक्ति तथा अन्य शंकास्पद संक्रमित व्यक्तिहरुलाई अनिवार्य रुपमा क्वारेन्टाइनमा बस्नुपर्ने व्यवस्था मिलाउने र क्वारेन्टाइनमा बस्दा पालना गर्नुपर्ने जिम्मेवारीहरु पालना गर्न लगाउने ।
- जेष्ठ नागरिक, बालबालिका, दीर्घ रोगी गर्भवती, सुत्केरी तथा विशेष प्रकृतिका व्यक्तिहरुको स्वास्थ्य सुरक्षामा विशेष ध्यान दिने ।
- समुदायमा विदेशबाट आएका र कोभिड-१९ सँग मिल्दा जुल्दा लक्षण भएका बिरामीहरुको समयमै पहिचान गरी एकीन तथ्याङ्क तयार गर्ने ।
- नेपाल सरकारले जारी गरेको लक डाउन (Lockdown) लाई सफाल बनाउन अति आवश्यक बाहेक स्थानीय तह, वडा तहमा हुने आवागमनलाई रोक्ने ।
- अति आवश्यक भेटघाट बैठक र किनमेल गर्दा कम्तिमा तीन मिटरको दुरी कायम राख्ने व्यवस्था गर्ने ।

६. **सुरक्षा र प्रोत्साहन :**

- परिचालन भएका सम्पूर्ण स्वंयसेवकहरुको अभिलेख दुरुस्त रुपमा राखी महामारी रोकथाम पश्चातको अवस्थामा हरेक स्थानीय तहबाट प्रशंसा पत्रको व्यवस्था समेत गरिनेछ ।

७. **अनुगमन र प्रतिवेदन :**

- समुहले गरेको कामको प्रतिवेदन वडाध्यक्षले सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्ने छ ।

बिष्णु घर्ती
प्रमुख प्रशासकीय अधिकृत